

नयाँ शैक्षिक प्रणाली (एनएएस) सन् 2009 सेप्टेम्बरदेखि माध्यमिक ४ देखि कार्यान्वयनमा आएको छ, जसअनुसार सबै विद्यार्थीहरूले तीन वर्षे जुनियर माध्यमिक र तीन वर्षे सिनियर माध्यमिक शिक्षा प्राप्त गर्ने मौका पाएका छन् ।

### नयाँ शैक्षिक प्रणाली कार्यान्वयनका फाइदाहरू:

बृहत र सन्तुलित पाठ्यक्रमबाट 21 औं शताब्दीको चुनौतीहरू पूरा गर्न राम्रो सुसज्जित विद्यार्थीहरू बनाउन एनएएसलाई परिचित गराइएको छ, जसले विद्यार्थीको सम्पूर्ण व्यक्तित्व विकास र परिचित जीवनकालमा सिक्ने क्षमताहरूलाई प्रगति तर्फ उन्मुख गराउँछ ।

नयाँ सिनियर माध्यमिक (NSS) पाठ्यक्रम धेरै प्रस्ट छ र ठूलो विविधता र विभिन्न विद्यार्थीहरूको आवश्यकताहरू, रुचिहरू र क्षमताहरूलाई मिल्ने छनौट प्रदान गर्छ, जसले उनीहरूका सिक्ने क्षमताहरूमा सिक्न सहायता गर्न अन्तरअनुशासन अध्ययनहरूको अध्ययनलाई सहजीकरण पनि गर्छ । नयाँ पाठ्यक्रमले सबै विद्यार्थीहरुलाई राम्रो (चिनियाँ र अङ्ग्रेजी) भाषा र गणितीय क्षमताहरू, बृहत ज्ञान आधार पाउन र संवेदनशील सोचाइ, आत्मनिर्भर भएर सिक्न र अन्तर व्यक्तित्व संचारमा प्रतिस्पर्धा बढाउन सक्षम बनाउँछ । अन्य सिकाइ अनुभवहरूको साथमा नैतिक र सार्वजनिक शिक्षा, सामाजिक सेवा, पेशा सम्बन्धी अनुभवहरू, दृश्य विकास र शारीरिक विकासमा संलग्न हुन विद्यार्थीहरूलाई धेरै मौका प्रदान गर्छ, जसले आगामी अध्ययनहरू र पेशाको लागि उनीहरूलाई राम्ररी तयार गर्छ ।

एनएसएले विद्यार्थीहरूका लागि सजिलो बहुमार्ग खोल्न, विश्वव्यापी शिक्षा प्रणालीको साथमा हाम्रो प्रणालीको अभिव्यक्तिलाई बृहत रूपमा राम्रो बनाएको छ ।





नयाँ माथिल्लो माध्यमिक तहको शैक्षिक रूपरेखा

### अरू भाषाहरू पढ्ने अवसरहरू

भाषा विषयहरूको लागि चिनियाँ भाषा र अङ्ग्रेजी भाषा NSS पाठ्यक्रममा मुख्य विषयहरू हुन् । एनसीएस विद्यार्थीहरूले चिनियाँ भाषा पनि अध्ययन गर्नुपर्छ, जसले उनीहरुलाई हङकङको जीवनमा आफैंलाई भिजाउन सक्छन् । उनीहरूले हङकङ परीक्षा र मूल्याङ्कन अधिकारद्वारा परीक्षाको व्यवस्था गरिएको एनएसएस चिनियाँ भाषा वा अन्य केही बाह्य चिनियाँ पाठ्यक्रम लिन सक्छन् ।

हङकङ महानगर भएको हुनाले विद्यार्थीहरूलाई चिनियाँ र अङ्ग्रेजी भाषा भन्दा अन्य भाषाहरू अध्ययन गर्ने मौका पनि प्रदान गरि एको छ । इडीबीले प्रदान गरेको विविध डाईभर्सिटि लर्निङ्ग ग्रान्ट प्रयोग गरेर विद्यालयहरूले विद्यार्थीहरूका लागि अन्य भाषाका विषयहरू (फ्रेन्च, जर्मन, हिन्दी, जापानी, स्पेनी र उर्दू) प्रदान गरेर अन्य भाषा अध्ययन गर्ने सुविधा प्रदान गर्न सक्छ ।





